# आ.व. २०८३/०८४ को बजेट वक्तव्य

नगर उपप्रमुख **श्री कन्दकला कुमारी राना**बाट २०८३ असार ७ गते आइतबारका दिन नगर सभाको **पन्ध्रौ** अधिवेशनमा प्रस्तुत धनगढी उपमहानगरपालिकाको **आर्थिक वर्ष २०८३।८४ को बजेट वक्तव्य**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१. धनगढी उपमहानगरपालिकाको यस गरिमामय **पन्ध्रौ नगरसभा**मा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु। यस ऐतिहासिक अवसरमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, नागरिक सर्वोच्चता, सुशासन, सामाजिक न्याय, सामाजिक परिवर्तन र समृद्ध नेपाल निर्माणका लागि भएका विभिन्न आन्दोलन एवम् संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको कानूनी व्यवस्था गरे बमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र नगर सभामा पेश गर्नुपर्ने प्रावधान अनुसार यस गरिमामय नगर सभाको **पन्ध्रौ अधिवेशन**मा आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

३. हाम्रो कार्यकालमा विगतवर्षदेखि अवलम्बन गरिदै आएको **"हाम्रो धनगढी: हामी बनाउँछौं"** भन्ने गौरवमय अभियानलाई मन, वचन र कर्मले दृढताका साथ निरन्तरता दिदैँ "**सुख, शान्ति र समृद्धिको शहर, कल्याणकारी धनगढी उपमहानगर"** निर्माण गर्ने दीर्घकालीन लक्ष्य प्राप्तिका लागि सम्पूर्ण नगरवासीको सक्रिय साथ, सहभागिता, समर्थन, सहयोग र सद्भाव प्राप्त हुनेमा म पूर्ण विश्वस्त छु।

४. उपमहानगरको सन्तुलित विकास, नगरवासीको सुख, शान्ति, सम्वृद्धि, गौरव, गरिमा, सामाजिक प्रतिष्ठा र समुन्नति हासिल गर्ने उद्देश्यका साथ हाम्रा प्रयास, प्राथमिकता, प्रतिवद्धता र नगरवासीका विकाससम्बन्धी आकांक्षाहरुलाई समुचित सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८३।८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगर सभाको **पन्ध्रौ अधिवेशन**मा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५. आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आम्दानी र खर्चको सन्तुलन मिलाउदैँ वित्तीय अनुशासन र मितव्ययितालाई जोड दिइएको छ। विशेष गरी बेरोजगार युवाहरुका लागि रोजगारी सिर्जना, बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवामा सहज पहुँच, वातावरणीय सुधारका लागि हरियाली प्रवर्द्धन, उज्यालो, सफा र सुरक्षित धनगढी, दिगो पूर्वाधार एवम् मानव संशाधन विकास र जनताको विकास प्रतिको आकांक्षालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

६. अब, म आर्थिक वर्ष २०८३।८४ मा निरन्तरता दिइने तथा सञ्चालन हुने नगर गौरवका मुख्य योजनाहरुको जानकारी गराउन चाहन्छु।

(क) आर्थिक वर्ष २०७९।८० देखि उपमहानगरवासीको सु-स्वास्थ्यका लागि निरन्तर सञ्चालन हुँदै आएको **विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक**लाई थप प्रभावकारी बनाई निरन्तर सञ्चालन गरिनेछ।

(ख) उपहमहानगरका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सञ्चालन हुँदै आएको **सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।

(ग) उपमहानगरलाई स्वच्छ, सफा र सुन्दर सहरको रुपमा विकसित गर्न **हाम्रो धनगढी, सफा धनगढी अभियान**लाई निरन्तर सञ्चालन गरिने व्यवस्था मिलाईनेछ।

(घ) वातावरणीय सन्तुलन कायम राख्न, जैविक विविधताको संरक्षण गर्न, सौन्दर्य तथा पर्यटन प्रवर्द्धन गर्न र शहरी तापद्धीप घटाउनको लागि आर्थिक वर्ष २०७९।८० देखि सञ्चालित **हरियाली प्रवर्द्धन कार्यक्रम** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(ङ) रात्रीकालीन बजार तथा आर्थिक गतिविधि प्रवर्द्धन गर्न सडक बत्ती एवम् उज्यालो सहरको अवधारणालाई अघि बढाउन **उज्यालो धनगढी कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

अब, म यहाँहरु माझ गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. गत आर्थिक वर्ष २०८१।८२ मा आन्तरिक स्रोतबाट **रु. ३६ करोड २४ लाख २७ हजार २ सय ९१ रुपैयाँ ,** अन्तरसरकारी वित्तीय हस्तान्तरण एवम् राजश्व बाँडफाँडबाट **रु. १ अर्ब ४१ करोड ९५ लाख ६१ हजार ३ रुपैयाँ** र गत वर्षको मौज्दात **रु. ३८ करोड ९ लाख २५ हजार ९ सय ७८ रुपैयाँ** गरी कुल **रु. २ अर्ब १६ करोड २९ लाख १४ हजार २ सय ७२ रुपैयाँ** आय भएको देखिन्छ । यसैगरी, व्ययतर्फ कुल **रु. १ अर्ब ६४ करोड ३५ लाख ८४ हजार ४ सय ५९ रुपैयाँ** मध्ये चालुतर्फ **रु. १ अर्ब १ करोड ४१ लाख ८५ हजार ३ सय ५४ रुपैयाँ** एवम् पुँजीगततर्फ **रु. ६२ करोड ९३ लाख ९९ हजार १ सय ५ रुपैयाँ** रहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

चालु आर्थिक वर्ष २०८२।८३ को जेठ मसान्तसम्मको यथार्थ आय, व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**जेठ मसान्त सम्मको यथार्थ आम्दानी र खर्च :**

८. चालु आर्थिक वर्ष २०८१।८२ को प्रक्षेपित कुल आय **रु. २ अर्ब ५६ करोड ४ लाख ६६ हजार** मध्ये जेठ मसान्तसम्म कुल **रु. १ अर्ब ७७ करोड ४९ लाख ५१ हजार १ सय ४३ रुपैयाँ** प्राप्त भएकोछ । जसमध्ये, आन्तरिक स्रोतबाट रु. **२४ करोड ३२ लाख ४ हजार ३ सय ३२ रुपैयाँ**, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट **रु. ९५ करोड २६ लाख ९६ हजार ५ सय ७२ रुपैयाँ** एवम् राजश्व बाँडफाँडबाट **रु. २४ करोड ९० लाख ५० हजार २ सय ३८ रुपैयाँ** प्राप्त भएको छ । गत वर्षको मौज्दात **रु. ३३ करोड** रहेको छ ।

९. त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८१।८२ को जेठ मसान्तसम्म **रु. १ अर्ब १९ करोड ९४ लाख ६५ हजार ७ सय ४२ रुपैयाँ** खर्च भएकोछ । जुन व्यय अनुमानको **४६ दशमलब ८ शुन्य** प्रतिशत हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्चमध्ये चालुतर्फ **रु. ८८ करोड ६८ लाख ७५ हजार ५ सय ९५ रुपैयाँ** अर्थात **६३ दशमलब २२** प्रतिशत र पूँजिगततर्फ **रु. ३१ करोड २५ लाख ९० हजार १ सय ४६ रुपैयाँ** अर्थात **२७ दशमलब ०१** प्रतिशत खर्च भएको छ । अन्तरसरकारी अख्तियारी तर्फको बजेट (सामाजिक सुरक्षा लगायत अन्य कार्यक्रम) यसमा समावेश गरिएको छैन ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

अब, म यस सम्मानित सभामा हाम्रो बजेट प्रणाली तथा व्यवस्थापनमा देखा परेका मुख्य-मुख्य चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०. संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजस्वमा राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित आय लक्ष्य अनुसार प्राप्त नभई संकुचन हुँदै गएको छ । यसका साथै उपमहानगरको आन्तरिक आय समेत प्रक्षेपण गरे अनुसार उठन हुन नसक्दा पूर्वनिर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमै सञ्चालन गर्न कठिनाई भएको छ ।

११. बजेटको स्रोत सुनिश्चितता समयमै हुन नसक्दा निर्माण सम्पन्न भइसकेका योजनाहरूको भुक्तानीमा समस्या हुने गरेको छ भने बहुवर्षीय आयोजनाहरुको निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसक्दा भुक्तानीको दायित्त्व अर्को आर्थिक वर्षमा सरेर जानुले आर्थिक भार थपिन गई उपमहानगरले नयाँ गौरवका र रुपान्तरणकारी योजनाहरुको सुरुवातमा समस्या सिर्जना हुने गरेको छ।

१२. नेपाल सरकार, प्रदेश सरकार र गैहृसरकारी निकायहरुसंगको लागत साँझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनका लागि ठुलो परिमाणमा उपमहानगरकै आन्तरिक स्रोतबाट बजेट व्यहोर्नु पर्ने स्थिति रहेको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१३. उल्लेखित चुनौतिहरुलाई मध्यनजर गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य, सहयोग र साँझेदारीमा उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम परिचालन गर्दै उपमहानगरको सर्वाङ्गीण विकासका लागि आगामी वर्षको बजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय बमोजिम तय गरेको छु।

**आर्थिक वर्ष २०८३।८४ को बजेटका उद्देश्यहरु :**

(क) **"हाम्रो धनगढी, हामी बनाउँछौ", "हाम्रो धनगढी, सफा धनगढी" र "हरियाली प्रवर्द्धन कार्यक्रम"** जस्ता अभियानलाई उच्च प्राथमिकतामा राखि वातावरणीय सन्तुलन कायम, उपमहानगर क्षेत्रभित्र अतिक्रमणमा रहेका तालतलैया, खोलानाला, जग्गा लगायतका सार्वजनिक सम्पत्तिलाई पूर्ववत् अवस्थामा फर्काई व्यवस्थापन गर्ने।

(ख) **"हाम्रो चाहना, उपमहानगरवासीको सु-स्वास्थ्यको कामना"** को संङ्कल्पलाई निरन्तरता दिँदै सम्पूर्ण नगरवासीका लागि गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा जस्ता अत्यावश्यक आवश्यकताहरूलाई सहज र सर्वसुलभ बनाउने।

(ग) दिगो, बलियो र स्तरीय भौतिक पूर्वाधारहरू निर्माण गर्दै धनगढीलाई **"बसोबास योग्य हरित सहर : समुन्नत धनगढी उपमहानगर"** को रुपमा रुपान्तरण गर्ने।

(घ) **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम** मार्फत सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्दै दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने।

(ङ) प्राथमिकतापूर्वक उपमहानगरका वास्तविक आवश्यकताहरु पहिचान गरी विभिन्न विकास साझेदार निकायहरुसँगको समन्वय, सहकार्य र साझेदारीमा कृषि तथा पशुपंक्षी, उद्योग, वन तथा वातावरण र पर्यटन क्षेत्रको समष्टिगत प्रवर्द्धन र विकास गर्ने।

(च) **"सीप तथा रोजगार मेला", "महिला उद्यम बजार"** र सहकारिताका माध्यमबाट युवा, महिला तथा विपन्न वर्गका लागि दिगो स्वरोजगारका अवसरहरू सिर्जना गर्ने।

(छ) **"उज्यालो धनगढी"** अभियान मार्फत सडक बत्तीको व्यवस्थापन गरी नगरको सुरक्षा मजबुत पार्ने र **"सन्ध्याकालीन बजार"** को सञ्चालन मार्फत रात्रीकालीन आर्थिक एवं पर्यटकीय गतिविधिलाई चलायमान बनाउने।

(ज) लोक कल्याणकारी उपमहानगरको अवधारणा अनुरूप जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, आर्थिक रूपले विपन्न, गर्भवती महिला र लागू औषध दुर्व्यसनमा फसेका युवाहरूको संरक्षण, सहयोग र पुनर्स्थापना गर्दै सामाजिक न्याय सुनिश्चित गर्ने।

**आर्थिक वर्ष २०८३।८४ को बजेटका प्राथमिकताहरु :**

आगामी आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार रहेका छन्।

- स्वास्थ्यमा उपमहानगरबासीको सर्वशुलभ पहुँच पुर्‍याउन **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** सञ्चालन,
- गुणस्तरीय विद्यालय शिक्षाका लागि **"सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार",**

- **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान मार्फत उपमहानगरको दिगो सरसफाई,
- पर्यावरणीय सुदृढीकरणका लागि **"हरियाली प्रवर्द्धन",**
- **"उज्यालो धनगढी"** अभियान,
- आर्थिक, मौलिक तथा परम्परागत सँस्कृति, धार्मिक एवम् पर्यटकीय लगायतका क्षेत्र एवम् सम्भावनाहरुको पहिचान मार्फत समग्र सुदूर पश्चिमबासीको समृद्धिका लागि **"हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं"** अभियान सञ्चालन,
- सीप तथा रोजगार मेला, महिला उद्यम बजार तथा सन्ध्याकालीन बजार सञ्चालन,
- लोक कल्याणकारी उपमहानर मार्फत सामाजिक विकास एवम् गरिवी न्यूनिकरण,
- कृषि तथा पशुपंक्षी उत्पादन, उत्पादकत्त्व अभिवृद्धि तथा व्यावसायीकरण,
- उद्यम विकास, सहकारीता मार्फत यूवा तथा अति विपन्नका लागि स्वरोजगार,
- खेलकुद क्षेत्रको विकास लागि ग्रासरुट लेभल खेलकुद विकास कार्यक्रम,
- भष्ट्राचार बिरुद्ध शून्य सहनशीलता,
- सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन,
- दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- आर्थिक विकास तथा राजश्व परिचालन,
- सूचना प्रविधि तथा सञ्चार,
- मानव संसाधन विकास तथा संस्थागत सुशासन,
- कला, साहित्य, संस्कृति तथा पर्यटन प्रवर्धन,
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दिगो उपयोग,
- हरित अर्थतन्त्र, जलवायु अनुकूलन, रोजगारी सिर्जना, वातावरण संरक्षण, स्थानीय सिपको उपयोग तथा आयआर्जन वृद्धिका लागि बाँस खेती,
- विपद् व्यवस्थापन,
- युवाशक्तिलाई लागू औषधको दुर्व्यसनबाट जोगाई सिर्जनशील, स्वस्थ र जिम्मेवार नागरिकका रूपमा विकास गर्न विद्यालय, समुदाय र सरोकारवालासँगको सहकार्यमा विशेष अभियान सञ्चालन,
- अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग ।

**नगर सभाका अध्यक्ष महोदय,**
**नगर सभाका सदस्यहरु,**

अब, म आगामी आर्थिक वर्ष २०८३।८४ का लागि प्रस्तावित राजश्व र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. आर्थिक वर्ष २०८३।८४ का लागि कूल प्रक्षेपित आय **रु. २ अर्ब ६४ करोड ६४ लाख ६४ हजार ४ सय ६४ रुपैयाँ** हुने अनुमान गरिएको छ । जसमध्ये कूल खर्चमा चालुतर्फ **रु. १ अर्ब ४१ करोड ६३ लाख ८७ हजार ७ सय ८१ रुपैयाँ** जुन कुल बजेटको **५३ दशमलव ५२** प्रतिशत हुन जान्छ र पूँजीगततर्फ **रु. १ अर्ब २३ करोड ७६ हजार ६ सय ८३ रुपैयाँ** खर्च हुने अनुमान गरिएको छ जुन कुल बजेटको **४६ दशमलव ४८** प्रतिशत हुन जान्छ । कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ ।

**अनुमानित आय :**

- आन्तरिक आय: - रु. **५५ करोड १० लाख रुपैयाँ**
- राजश्व बाँडफाँड: - **रु. ६० करोड ४५ लाख ३६ हजार २ सय ६ रुपैयाँ**

- अन्तर सरकारी वित्तीय हस्तान्तरण (नेपाल सरकार): - **रु. १ अर्ब ६ करोड ७९ लाख ७ हजार रुपैयाँ**
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश सरकार): - **रु. १४ करोड २२ लाख ७ हजार रुपैयाँ**
- गत वर्षको बजेटबाट सरी आएको मौज्दात: - रु. **४२ करोड ३० लाख २१ हजार २ सय ५८ रुपैयाँ**
- कूल जम्मा आय: - **रु. २ अर्ब ६४ करोड ६४ लाख ६४ हजार ४ सय ६४ रुपैयाँ**

१५. आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी बजेट विनियोजन गरेको छु। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८३।८४ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई मूल आधार बनाई तर्जुमा गरिएको व्यहोरा यस सम्मानित नगर सभा समक्ष जानकारी गराउन चाहन्छु।

१६. खर्चतर्फको विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण नगर सभाबाट पारित भइसके पछि सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु। व्ययको चालु प्रशासनिक खर्चतर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब भत्ता, जनप्रतिनिधि र कर्मचारीहरुको सेवा, सुविधाका साथै उपमहानरबाट उपलब्ध हुने सेवा, सुविधा समेत गरी कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरेको छु। विकास बजेटलाई चालु खर्चमा रकमान्तर गर्न नपाइने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावोलकन गरी प्रशासनिक खर्चको भार न्यूनिकरण गर्ने, खरिद प्रक्रियालाई पारदर्शी र मितव्ययी बनाउने, उपमहानगरको आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्न सक्ने आत्मनिर्भरमुखी बजेट कार्यान्वयनको व्यवस्था मिलाएको छु।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१७. यहाँहरु समक्ष प्रस्तुत यस आय र व्ययको प्रस्तुतिकरणमा चालु आर्थिक वर्षको आय र व्ययको सुरु अनुमान भन्दा आगामी आर्थिक वर्ष २०८३।८४ को आय र व्ययको अनुमान रकम **रु. ८ करोड ५९ लाख ९८ हजार ४ सय ६४ रुपैयाँ**ले बढी रहेको जानकारी गराउँदछु। जुन गत वर्षको सुरु अनुमान भन्दा **३ दशमलव ३६** प्रतिशतको बृद्धि हो।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१८. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम सम्मानित नगर कार्यपालिकाको **४८** औँ बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८३।८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको हुँ। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाम्रा क्षेत्रगत विकास नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। हामीसँग उपलब्ध सीमित स्रोत साधनका कारण नगरबासीहरुले टोलवस्तीबाट हुँदै वडास्तरबाट माग गरी पठाएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु सबै आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रममा समेटन सम्भव नभएकोले छुट हुन गएका योजना तथा कार्यक्रमहरुलाई आगामी "योजना बैंक" मा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लैजाने पहल गरिने प्रतिवद्धता समेत यस सम्मानित नगर सभा समक्ष व्यक्त गर्दछु।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१९. अब, म यस सम्मानित नगर सभा समक्ष मैले माथि प्रस्तुत गरेको उपमहानगरको गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८२।८३ को संसोधित आय र व्यय र आगामी आर्थिक वर्ष २०८३।८४ को अनुमानित आय र व्ययको विवरणमाथि सघन र रचनात्मक छलफल गरी पारित गरिदिनु हुनका लागि प्रस्ताव गर्दछु।

२०. त्यसैगरी, आगामी आर्थिक वर्ष २०८३।८४ को प्रस्तावित आर्थिक विधेयक, २०८३ का लागि प्रस्ताव गरिएको करका दरहरुको अनुमान सहितको जम्मा आय **रु. ५५ करोड १० लाख रुपैयाँ** र विनियोजन विधेयक, २०८३ का

लागि प्रस्ताव गरिएको प्रशासनिक र विकास खर्चको बाँडफाँडको अनुमान **रु. २ अर्ब ६४ करोड ६४ लाख ६४ हजार ४ सय ६४ रुपैयाँ** उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

२१. आगामी आर्थिक वर्षमा कार्यान्वयनका लागि पेश भएका आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ उपर विष्तृत छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

२२. यस नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रममा मानवीय कारणले सामान्य भाषिक र अंक गणितीय त्रुटिहरु रहेका हुन सक्छन् । यसको लागि सम्मानित नगर सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएको देखिएमा सच्याउनका लागि नगर कार्यपालिका मार्फत सम्मानित नगर सभा समक्ष सादर अनुमति चाहान्छु ।

२३. आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि र नगर कार्यपालिकाको गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८२।८३ को कार्यक्रमगत खर्च अनुमोदनको लागि समेत प्रस्ताव पेश गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

२४. यो बजेट तथा कार्यक्रम तर्जुमा प्रकियामा आफ्नो अमूल्य र मार्गदर्शक राय, सुझाव दिनु हुने नगर कार्यपालिकाका सदस्यहरू, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु एवम् सम्पूर्ण विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रचनात्मक सुझाव, सल्लाह दिनु हुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२५. अन्त्यमा, यस सम्मानित नगर सभामा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरु साँझेदारी र सहकार्यमा कार्यान्वयनका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह, राजनीतिक दल, सम्पूर्ण वुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम नगरबासी आमा बुबा, दाजु भाई, दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, उपमहानगरका सम्पूर्ण कर्मचारी, सञ्चार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुबाट विगतमा झै आगामी दिनमा पनि पूर्ण सहयोग, समन्वय र सहकार्य प्राप्त हुने अपेक्षा राख्दछु ।

धन्यवाद !

सम्वत् २०८३ साल असार ७ गते रोज १ शुभम् ।

**कन्दकला कुमारी राना**
**नगर उपप्रमुख**